अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-४, संख्या-१०, मिति - २०७७/१२/२९**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मोदी गाउँपालिका

# मोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना सम्बन्धी कार्यविधी,२०७७

**प्रस्तावना**

मोदी गाउँपालिकाको कृषि क्षेत्रको दिगो बिकासको लागि स्थानीय स्रोत साधनको उचित व्यवस्थापन मार्फतसमुदाय स्तरमा कृषि क्षेत्रको बातावरणीय जोखिम न्यूनिकरण गदै महिला तथा उधमशिलताको विकास गदै कुषि पर्यटन,गुणस्तरीय कृषिजन्य उत्पादन वृद्दि गरी बजारीकरण मार्फत आय आर्जन गर्दै छनौट गरिएका गाउँपालिकाका वस्तीहरुलाई नमुना गाउँको रुपमा बिकास गरी बातावरण मैत्री कृषि प्रबिधि, असल अभ्यास र सिकाईको प्रदर्शनी गर्ने उदेश्यले “मोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना ”लाई कार्यान्वयन गर्न मोदी गापाले यो कार्यविधि तयार गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम “मोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना सम्बन्धी कार्यविधी,२०७७” रहनेछ।

२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**१)"ईकाइ"** भन्नाले मोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना कार्यान्वयन,सहयोग एंव सहजीकरण गर्नको लागि दफा (६ ) बमोजिम गठित कार्यक्रम व्यवस्थापन ईकाइ सम्झनु पर्छ।

**२)"प्राङ्गारीक कृषि**" भन्नाले दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली,सुरक्षित,गुणस्तरीय तथा पोषणयुक्त खाना ,प्रणाली जातिको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रक्रियाहरुको एकिकृत उपागम(APPROACH) सम्झनु पर्छ।

**३)" नमुना कृषि गाउँ"** भन्नाले दीगो पर्यावरणको लागि स्थान सुहाउदो र वातवरण मैत्री प्रविधि र अभ्यासहरुको प्रयोग एवं जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गर्दै कृषिको उत्पादन,उत्पादकत्व र गुणस्तर वृद्दी एवं कृषि पर्यटनको प्रर्वद्दन मार्फत आयआर्जनमा संलग्नन भएको कम्तिमा १० देखि १५ घरधुरी भएको सिकाई योग्य समुदाय भन्ने सम्झनु पर्छ

४)"**कार्यक्रम"**भन्नाले मोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना कार्यक्रमसम्झनु पर्छ।

५) **"किसान/कृषक"**भन्नाले कृषि उत्पादन गर्न फर्म,कृषक समुह वा सहकारीमा आवद्ध भई कृषि व्यवसायबाट जीवन यापन गर्ने नागरिकलाई जनाउने छ।

६**)"अनुदान**" भन्नाले कृषकहरुलाई कार्याल**य**बाट उपलब्ध गराउने सुविधालाई जनाउने छ।

७) "**कृषक समिति**" भन्नाले एउटै व्यवसायमा संलग्नन ७ देखि २० जनासम्म कृषक मिलि गठन भएको समितिलाई बुझिने छ। ८**)"गाउँपालिका"** भन्नाले मोदी गाउँपालिकाबुझिनेछ।

९**)"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकालाई बुझाउँछ। सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ।

१०**)"गाउँकार्यपालिका"** भन्नाले मोदी गाउँकार्यपालिकालाई बुझाउनेछ।

११**)"अध्यक्ष"** भन्नाले मोदी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ।

१२ )**"उपाध्यक्ष"**भन्नाले मोदी गाउँपालिकाका उपाध्यक्षलाईसम्झनु पर्छ।

१३)**"जनप्रतिनिधि"** भन्नाले मोदी गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडाध्यक्ष,कार्यापालिका सदस्य र सभाका सदस्यहरुलाई सम्झनु पर्छ।

१४**)"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

१५)**"कर्मचारी"** गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई बुझाउनेछ।

**३.कार्यक्रमको उदेश्य**

१) मोदी गा.पाको कृषि क्षेत्रको दिगो विकासका लागि वातावरण मैत्री प्रबिधी ,पद्दति र अभ्यासहरुको प्रयोग एवंम स्थानिय स्रोत साधनको उचित ब्यवस्थापन मार्फत उत्पादान,उत्पादकत्व र गुणस्तर वृद्दि गर्ने।

२) समुदाय स्तरमा कृषि क्षेत्रको वातवरणीय जोखीम न्युनिकरण गर्दै ग्रामिण कृषक समुदायको दिगो खाध्य सुरक्षा सुनिश्चित गर्ने।

**४.कार्यक्रमको बिषय बस्तु**

**प्राङ्गारीक कृषिः** प्राङ्गारीक कृषि प्रणालीमा बाहिरी स्रोत तथा लगानिको न्युनतम उपयोग गरिन्छ । यसबाट प्रयावरणीय सन्तुलन कायम राख्न र यसको निरन्तरताको लागि सहयोग हुन जान्छ ।

कृषि पर्यटनः पर्यटकलाई आकर्षित गर्ने गरी संचालीत कृषिमा आधारीत क्रियाकलापहरु वा तिनको संचालन र प्रर्वद्न।

**५.कार्यक्षेत्रको छनौट :**

१)मोदी गा.पा.मा एक भन्दा बढी नमुना गाँउ कार्यक्रम संचालन हुन सक्नेछ ।

२) वडाको कुनै बस्ती छनौट गर्दा कृषि, पर्यटनको सम्भाव्यता, सिचाईको सुविधा, समुदायको इच्छा शक्ति, कृषि सडकको पँहुचलाई प्राथमिकता दिइ कृषि प्राविधकको सिफारिसमा गाँउकार्यपालिकाले छनौट गर्नेछ ।

३)उपदफा (२) बमोजिम ,छनौट भएका वडाको कुनै बस्तीमा समावेश गरिने १० देखी १५ घरधुरिहरु सहभागितामुलक ग्रामिण लेखाजोखा(PRA) विधि मार्फत छनौट गरिनेछ।

**६.नमुना कृषि गाँउ कार्यन्वयन तथा सहजीकरण**

१) छनौट भएका नमुना कृषि गाँउहरुमा कार्यान्वयन सहयोग एंव सहजिकरण गर्न देहाय वमोजिमको समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| क) | उपाध्यक्ष | संयोजक |
| ख) | प्रमुखप्रशासकीय अधिकृत | सदस्य |

| | | |
|---|---|---|
| ग | सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| ग | पशु शाखाको प्रमुख | सदस्य |
| ग) | कृषि सेवाशाखा प्रमुख | सदस्य<br>सचिव |

२) समितीले सम्बन्धित वडाका वडा अध्यक्षसंग समन्वय गरि कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्नेछ ।

**७. संचालन गर्न सकिने कार्यक्रम तथा प्राविधिक अभ्यासः**

१.तरकारी खेती उत्पादन

२.तरकारी नर्सरी व्यवस्थापन

३.गोठ सुधार

४.मलखाद व्यवस्थापन(कुहिने र नकुहिने वस्तुहरुको व्यवस्थापन)

५.थोपा सिंचाई

६.प्लास्टिक टनेल

७.छापो प्रविधि

**८. कार्यक्रम संचालन विधीः**

१)नमुना कृषि गाँउमा रहेका प्रत्येक घरधुरीहरुबाट एक एक जना सदस्य रहने गरि कार्यसमिति गठन गरिनेछ ।

२) हरेक नमुना कृषि गाँउ कार्यक्रम उपदफा (१) बमोजिम गठन भएका कार्यसमितिले सम्पुर्ण कार्य विवरण मोदी गा.पा. कृषि शाखामा पेश गर्नु पर्नेछ ।

३) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाउने अनुगमन, मुल्यांकन गर्ने , प्रगति विवरण तयार गरि सरोकारवाला निकायमा प्रेशित गर्नका लागि सहजीकरण गर्नु पर्ने विषयबस्तुहरु सम्झौतामा उल्लेख गरिनेछ ।

**९. अनुदान रकम खर्च गर्ने तथा भुक्तानी लिने विधि र प्रकृयाः**

१)कार्यक्रम संञ्चालन गर्नपूर्व अनुदानग्राहीले कुल अनुदानको ३०% साझेदारीमा सहभागी हुने र कार्यक्रमलाई दिगो रुपमा निरन्तरता दिने सुनिश्चिता सहितको प्रतिवद्धतामा सम्झौता गर्नुपर्नेछ।

२)अनुदानग्राहीलाई कार्यक्रमको कार्य प्रगतिको मुल्यांकन आधारमा अनुदान रकम उपलब्ध गराईनेछ।अनुदान रकम सम्बन्धित अनुदानग्राही/कृषक समितिको बैंक खाता मार्फत बढिमा २ किस्तामा उपलब्ध गराईनेछ।कार्ययोजना स्विकृत भई पालिका सग सम्झौता भएपछि बढिमा २० % रकम उपलब्ध गराउन सकिनेछ।

३) कार्यक्रम सम्झौता गर्नुभन्दा अगाडी लागत इस्टिमेट सहितको कार्यक्रमकार्ययोजना तयार गरी इकाईले प्रमाणित गर्नुपर्नेछ।

४) कार्यक्रमको लागत इस्टिमेट तयार गर्दा कुल रकमको ४% रकम कन्टिन्जेन्सी स्वरुप कट्टा गर्न सकिनेछ।

## १०. अनुगमन र मुल्यांकन

१. यस कार्यविधी बमोजिम कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा मोदि गा.पा कृषि शाखा र सम्बन्धित वडा कार्यालयले निरन्तर अनुगमन गर्नेछ ।

२ .कार्यक्रमको सहजीकरण समितिले संयुत्त रुपमा अनुगमन समेत गर्नसक्नेछ ।

३. कार्यक्रमको लक्ष्य अनुसार प्रगति मुल्याङ्कन गर्न सहजीकरण समितिको बैठक वर्षमा दुई पटक आयोजना गर्नेछ।

४. अनुदानग्राहीले परियोजना,अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङबोर्ड राख्नुपर्नेछ ।

५. अनुदानग्राहीले अन्तिम भुत्तानी माग्नु पुर्व अनुदान कार्यक्रमको सार्वजनिकरण समेत गरेको हुनुपर्नेछ ।

## ११. विविध

**१) अनुदान रकमको दुरुपयोग सम्बन्धमाः**सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा वा नक्कली बिल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा कृषक/कृषक समितिलाई प्रचलित कानुन अनुसार कारबाही गरिनेछ र रकम असुल उपर गरिनेछ।

**२) अन्तिम व्याख्या गर्नसक्नेः** यस कार्यविधिको कार्यन्वयनमा केही बाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

**३) कार्यविधिमा संसोधन तथा परिमार्जन गर्न सक्नेः** यस कार्यविधिमा आवश्यकता अनुसार पालिकाले संसोधन तथा परिमार्जन गर्न  सक्नेछ।

## अनुसुचि १

## संक्षिप्त कार्ययोजनाको प्रस्ताव

१. कृषक समुहको छोटो चिनारी र लक्ष्य

परिचय

लक्ष्य

२. विधमान भौतिक वित्तिय तथा अन्य पुर्वाधारहरु

३. संन्चालन गरिने क्रियाकलापहरु

| क्र.स. | क्षेत्र | क्रियाकलाप | प्रति एकाई खर्च रु | सहभागी घर धुरि संख्या | कुल खर्च रु | कार्यक्रम खर्च सहयोग | समुदायको लगानी | स्थानिय तहको लगानी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

४. क्रियाकलाप संन्चालन गर्न लाग्ने समय

५. लाभान्वित महिला तथा सिमान्तकृत समुह

## अनुसुची २

## कार्यक्रम सम्झौता फारम

श्री ..................................(यस पछि पहिलो पक्ष भनिने ) र .............जिल्ला ..........पालिका वडानं.......मा स्थापना भएको श्री..............................का अध्यक्ष (यस पछि दोश्रो पक्ष भनिने)विच साझेदारी सहकार्यमा आ.व. २०७७/०७८ को स्वीकृत मोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना कार्यक्रम ............पालिका वडा नं ....... को ............मा सन्चालन गर्न तपशिल वमोजिमका सर्तका अधिनमा रहि यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौ/दियौ ।

**तपशिलः**

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

क) स्थानःख)वडाःग)घरपरिवार संख्याः

घ)जनजाति दलित वा सिमान्तकृत घरपविार संख्याः

२. दोस्रो पक्षले कार्यलयको कार्ययोजना तथा लागत इस्टिमेट अनुसार नमुना गाउँ संचालन गरेको हुनुपर्ने छ ।यसरी संचालन गरिने नमुना गाउँको यस वर्षको कुल लागतको बढीमा .................प्रतिशतले हुन आउने रु ..............अक्षेरुपी.......................................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको कार्य प्रगतिको मुल्याङ्कनका आधारमा अनुदान रकम उपल्बध गराउनेछ ।अनुदान रकम बढिमा .................किस्तामा उपलब्ध गराइनेछ ।

४. लागत इस्टिमेट अनुसारका त्रियाकलापहरु दोस्रो पक्षले सहयोग लिई आफै संचालन गर्नुपर्नेछ ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र नमुना कृषि गाउँको कार्ययाजना अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

६. दोस्रो पक्षले यहि २०.......साल ............महिना.......गते भित्र लागत इस्टिमेट अनुसार कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

७. दोस्रो पक्षले योजना तथा लागत इस्टिमेट अनुसारका त्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कपट्टामा कार्यक्रम दिन पाइने छैन ।

८. यस कार्यक्रम संचालनमा कुनै विवाद आएमा मोदी गाउँपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ।

९. यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |

संस्थाको नाम र छापः संस्थाको नाम र छापः

मितिः मितिः

## अनुसूचिः ३

## समुह वा सहकारीको कार्यक्रम माग निर्णयको नमुना

आज मिति.................................. का दिन मोदी गाउँपालिका,पातिचौर,पर्वतको कृषि शाखाबाट सञ्चालन हुनेमोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना कार्यक्रम कार्यन्वयनका लागि.......................... जिल्लाको ...................... गा.पाको वडा नं.............. स्थित.................... गाउँमा....................................समुहको तपशिल अनुसारको सदस्यहरुको उपस्थितिमा छलफल गरी निम्न लिखित निर्णयहरु गरियो।

तपशिल

क्र.सं नाम ठेगाना सम्पर्क नं दस्तखत

प्रस्तावहरु

१. सम्पन्न गरिने क्रियाकलापहरुको सम्बन्धमा।
२. संक्षिप्त कार्ययोजना प्रस्ताव सम्बन्धमा।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा मोदी गाउँपालिका,पातिचौर,पर्वतको कृषि शाखाबाट सञ्चालन हुनेमोदी नमुना प्राङ्गारीक कृषि गाउँ स्थापना कार्यक्रमका लागि ..........................................(क्रियाकलापहरु उल्लेख गर्ने) प्रस्ताव निर्णय गरियो।

प्रस्ताव नं. २ माथि छलफल गर्दा  यस कार्यक्रममार्फत गरिने क्रियाकलापहरु, सहभागी हुने घरधुरीको संख्या र अनुमानित लागत समेट्ने गरी तोकिए बमोजिमको संक्षिप्त कार्ययोजना प्रस्ताव तयार गरी समुह मार्फत मोदी गाउँपालिका,पातिचौर,पर्वतको कृषि शाखा समक्ष पेश गर्ने निर्णय गरियो।

(सबै सदस्यहरुको दस्तखत)

**प्रमाणीकरण मिति : २०७७/१२/२९**

**आज्ञाले,**
**किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**